का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ पुस २०८२
सोमबार
22 December 2025
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्याह्न
राष्ट्रिय दैनिक
ई-पेपर हेर्नु



# सुरक्षा चिन्ता चिर्ने रणनीति तयार



फागुन २१ को प्रतिनिधि सभाको निर्वाचनमा सुरक्षा चुनौती देखाएर पुराना दलहरु पन्छिन खोज्दै गर्दा प्रधानमन्त्री सुशीला कार्कीले एकीकृत सुरक्षा योजना स्वीकृत गर्दै नेपाली सेनाको परिचालन सुनिश्चित गरिएको बताएकी छन् । चुनावी सुरक्षाका सवालमा कुनै कसुर बाँकी नरहेको प्रधानमन्त्री कार्कीको दाबी छ । यद्यपि जेनजी आन्दोलनका क्रममा लुटिएका १३ सय ४२ हतियारमध्ये ७ सय २३ मात्रै फिर्ता भएको पाइएको छ ।



“ आन्दोलनका क्रममा लुटिएका हतियार र भागेका कैदीबन्दी बाहिर रहेको विषय ध्यानमा राख्दै सुरक्षा व्यवस्था बलियो बनाउन सरकार र सम्बन्धित सुरक्षा संयन्त्र संवेदनशील देखिन्छ ।

■ **आनन्द काफ्ले**
**प्रवक्ता, गृह मन्त्रालय**

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, ६ पुस

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्था मजबुत बनाउन चारवटै सुरक्षा निकाय रणनीति बनाउन तल्लीन छन् । जेनजी आन्दोलन र विध्वंसका क्रममा राज्यसत्ता लुटिएका हतियार मात्र होइन, सुरक्षा अंगको मनोबल फर्काउन पनि एकीकृत निर्वाचन सुरक्षा योजना बनाइएको छ ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागले एकरूपताका साथ अघि सारेको सुरक्षा योजनालाई सरकाले स्वीकृत गर्दै कार्यान्वयन तहमा लगेको छ । चारवटै सुरक्षा निकायका प्रतिनिधि सम्मिलित कार्यदलले बनाएको एकीकृत निर्वाचन सुरक्षा योजनाको मस्यौदामाथि थप छलफल गरेर सरकार अघि बढेको गृह मन्त्रालयले जनाएको छ । एकीकृत सुरक्षा योजना कार्यदलमा नेपाली सेनाका सहायक रथी मनोज थापा, नेपाल प्रहरीका एसएसपी वसन्त रजौरे, सशस्त्र प्रहरी बलको कार्य विभागका एसएसपी राजेश उप्रेती प्रतिनिधि छन् । कार्यदलमा राष्ट्रिय अनुसन्धान विभागबाट पनि प्रतिनिधित्व थियो । मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले आन्दोलनका क्रममा लुटिएका हतियार र भागेका कैदीबन्दी अझै बाहिर रहेको विषय ध्यानमा राख्दै एक महिनाअघि नै सेना परिचालन गर्ने तयारी भइरहेको बताए । अघिल्ला निर्वाचनमा १५ दिनअघि मात्रै सेना परिचालन गर्ने परम्परा थियो । निर्वाचनमा >>> पृष्ठ २ मा

## सिंहदरबारमै थन्किए बेरुजुका फाइल

महालेखा परीक्षकको पछिल्ला तीनवटा प्रतिवेदन मात्रै थन्किएका होइनन्, सरकारी खातामा देखिएका अनियमितता, दोहोरिएका कमजोरी र असुलउपर गर्नुपर्ने बेरुजुसमेत थन्किन पुगेका छन् ।



**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, ६ पुस

महालेखा परीक्षकको कार्यालय ६३औं प्रतिवेदनको तयारीमा छ । यसअन्तर्गत बेरुजु फर्स्योटको काम भइरहेको छ तर प्रतिनिधि सभाअन्तर्गतको सार्वजनिक लेखा समितिलाई जानकारी गराएर अघि बढ्नुपर्ने प्रक्रिया पूरा हुन सकेको छैन । कारण- प्रतिनिधि सभा विघटनको अवस्थामा छ ।

महालेखा परीक्षकको प्रतिवेदन भनेको राज्यका सबै निकायहरूमा भएको वित्तीय व्यवस्थापनको लेखा परीक्षणको रिपोर्ट हो । संविधान धारा २४१ अनुसार, महालेखा परीक्षकले संघ, प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थान, संवैधानिक निकाय र मन्त्रालयहरूको राजस्व संकलन, खर्च र लेखा प्रणालीको नियमित निरीक्षण गर्छन् । त्यसउपर सार्वजनिक लेखा समितिले निगरानी गर्छ ।

संविधानतः महालेखा परीक्षकको प्रतिवेदनले बेरुजु औंल्याउँछ । लेखा समितिले महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएको बेरुजुको छानबिन, छलफल र फछ्र्यौट गर्छ । तर अहिले प्रतिनिधि सभा विघटन भएकाले लेखा समिति स्वतः विघटनको अवस्थामा छ । परिणाममा महालेखा परीक्षको प्रतिवेदन लेखा समितिको कार्यालय सिंहदरबारमा थन्किएका छन् । अघिल्ला प्रतिवेदनमाथिको छलफल नटुंगिँदा महालेखा परीक्षकको कार्यालय नयाँ प्रतिवेदनमा पुरानै बेरुजु दोहोऱ्याएर उल्लेख गर्नुपर्ने बाध्यतामा छ ।

सार्वजनिक लेखा समितिका अनुसार महालेखा परीक्षकको ६०औं प्रतिवेदनयताका >>> पृष्ठ २ मा

**जेनजी विद्रोहको साइड इफेक्ट**

## चुनाव नलड्ने स्वघोषणा



**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, ६ पुस

पञ्चायतदेखि बहुदल काल हुँदै गणतन्त्रसम्म नुवाकोटबाट निरन्तर चुनाव लड्दै आएका नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केहीले २१ फागुनमा हुने प्रतिनिधि सभा चुनावमा उम्मेदवार नहुने घोषणा गरे । उनी २०३४ सालदेखि निरन्तर चुनाव लड्दै आएका थिए । गत शनिबार गृह जिल्ला पुगेर उनले भने, ‘मलाई पार्टीको कहीँ केहीमा राख्नुपर्दैन, अब युवा पुस्ताले नै नेतृत्व लिनुपर्छ ।’ चुनाव नलडे पनि राजनीतिबाट टाढा भने नहुने केसीले प्रस्ट पारे ।

काठमाडौं १० बाट प्रत्यक्षतर्फ ह्याट्रिक गरेका राजन केसीले पनि नयाँलाई अवसर दिने भन्दै आउँदो चुनाव नलड्ने स्वघोषणा गरे । एमालेका निवर्तमान उपाध्यक्षद्वय युवराज ज्ञवाली र अष्टलक्ष्मी शाक्यले भर्खरै सकिएको ११औं महाधिवेशनबाट सक्रिय राजनीतिबाट विश्राम लिए । माओवादी ‘जनयुद्ध’ लडेर आएका नेपाली कम्युनिस्ट पार्टीका नेता हरिबोल गजुरेल पनि आउँदो चुनावमा उम्मेदवार हुने छैनन् ।

निरन्तर एउटै निर्वाचन क्षेत्रबाट चुनाव लड्दै आएका नेताहरूमा पछिल्लो जेनजी विद्रोहको साइड इफेक्ट देखिन थालेको छ । राजनीतिक दलहरूमा नेतृत्व हस्तान्तरण र पार्टी पुर्नसंरचनाको बहस चलिरहेका बेला नेताहरूले आउँदो चुनाव नलड्ने स्वघोषणा गरिरहेका छन् । केही वृद्ध नेताहरूले सक्रिय राजनीति छाडेका छन् भने केहीले नयाँ पुस्ताका लागि आफू लड्दै आएको निर्वाचन क्षेत्र छाड्ने घोषणा गरेका छन् । राजनीतिमा युवा पुस्ताको हस्तक्षेप बढिरहेका बेला पुराना पुस्ताका नेताहरूले विश्राम लिन थालेका हुन् । यसलाई जेनजी विद्रोहको साइड इफेक्टका रूपमा >>> पृष्ठ २ मा

“ नेताहरुले स्वेच्छिक अवकाश लिएको भन्ने भ्रम पनि हुन सक्छ, सहज वातावरण भयो भने फेरि आउन सक्छन् ।



● **डा. मिना पौडेल**
**समाजशास्त्री**

**वैदेशिक रोजगार विशेष**

## मंसिरमा रोजगारी खोज्दै ६५ हजार बढीले छाडे देश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ पुस

प्रमुख श्रम गन्तव्य मुलुक युएईको रोजगार सहज नहुँदा वैदेशिक रोजगारमा जाने कामदारको संख्यामा गिरावट आउने क्रम जारी छ । वैदेशिक रोजगार विभागका अनुसार गत कात्तिक महिनामा ७३ हजार ९४ जना वैदेशिक रोजगारमा गएकोमा मंसिरमा उक्त संख्या करिब ८ हजारले कमी आई ६५ हजार ७ सय ५ जनामा कायम भएको छ ।

मंसिरमा म्यानपावर कम्पनीबाट वैदेशिक रोजगारमा जानेको संख्या गत कात्तिकभन्दा करिब ६ हजारले बढेको छ । >>> पृष्ठ २ मा

### मंसिरमा धेरै कामदार पठाउनेमा एसओएस पहिलो, नीलकमल दोस्रो र गल्फ तेस्रो

**काठमाडौं / मस–** अघिल्ला महिनाहरूभन्दा तुलनात्मक रूपले केही बढी कामदार गएको मंसिर महिनामा एसओएस म्यानपावर सर्भिस प्रालि ४ सय ९४ जना कामदार वैदेशिक रोजगारमा पठाएर धेरै कामदार पठाउने सूचीको शीर्ष स्थानमा छ ।

नील कमल ह्युमन रिसोर्स प्रालि ४ सय ४७ र गल्फ म्यानपावर सर्भिसेस प्रालि ३ सय ३० जना पठाएर क्रमशः दोस्रो >>> पृष्ठ २ मा

O.C.T. أوتاوا للمقاولات والتجارة ذ.م.م OTTAWA CONT. & TRADING W.L.L.

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : OTTAWA COMPANY CONTRACTING AND TRADING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८२/०९/०६ | चलानी नं.: ६०२४९१५८ | LT. No.: 335515

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scafolder | 40 | 0 | स. काममा दक्ष | 1200 | ४६,९४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुष १४ गते (29 December 2025) मा हुनेछ ।

साथै यस कम्पनीबाट Engineer, Sub–Engineer र Scaffolder Supervisor को पनि माग भई आएकाले ईच्छुक महानुभावहरूले परामर्शको लागि सम्पर्क गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BABY ANGEL INTERNATIONAL PVT. LTD.
श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353
Contact No: 9801029271, 9851002329, 9851073922, 9801061546, 9705689460
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
DOFE - 2 Female
MOFA - 2 Female
Receptionist - 3 Female
Should have experience in related field.
SEND YOUR CV: admin@luluintl.com
01-4979151
Lulu International Pvt. Ltd.
Samakhushi-26, Kathmandu. Nepal
Mob.: 9851083549 || 9818065184
Govt. Lic. No. 1035/072/073

URGENT VACANCY
★ International Marketing - 2 (Male /Female)
• Bachelor Passed with Minimum 3 years as an Overseas Recruitment.
★ Public Relation Officer (PRO) - 3 (Male /Female)
• Bachelor Passed with 2 Years experience in Manpower Field.
★ Documentation - 5 (Male /Female)
• Bachelor Passed with 2 Years experience in Manpower Field.
★ Receptionist - 2 (Female)
• +2 Passed with 2 Years experience in Manpower Field.
Salary Negotiable
IMG Nepal Pvt.Ltd.
Lalitpur- 13, Ekantakuna, Lalitpur, Nepal.
SEND YOUR CV: imgnepal443@gmail.com

## सुरक्षा...

सेना परिचालनका लागि सुरक्षा परिषद्को सिफारिसमा सरकारले सेना परिचालन गर्न मिल्ने संवैधानिक व्यवस्था छ । 'सरकारले फागुन २१ को निर्वाचनलाई भयरहित, निष्पक्ष र व्यवस्थित बनाउन सबै सुरक्षा अंगका प्रमुखहरूको सहयोगमा एकीकृत निर्वाचन सुरक्षा योजना कार्यान्वयनको चरणमा लगेको छ,' उनले मध्यान्हसँग भने, 'आन्दोलनका क्रममा लुटिएका हतियार र भागेका कैदीबन्दी बाहिर रहेको विषयलाई ध्यानमा राख्दै निर्वाचनको बलियो सुरक्षा व्यवस्थाका लागि सरकार र सम्बन्धित सुरक्षा संयन्त्र संवेदनशील देखिन्छ ।'

प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो सरकारले १०० दिन पूरा गरेको अवसरमा देशबासीलाई गरेको सम्बोधनमा चुनावी वातावरण बनिसकेको दाबी गरिन् । सरकारले निर्वाचनको एक महिनाअघिबाटै नेपाली सेना खटाउने तयारी गरेको उनको भनाइ छ । 'निर्वाचन कार्यतालिकाबाहेक सबै तयारी गरिसकेको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'यो सरकार तोकिएको समयमै भयरहित वातावरणमा चुनाव गर्न तयार छ। एकीकृत सुरक्षा योजना स्वीकृत गर्दै नेपाली सेनाको परिचालन सुनिश्चित गरिएको छ । निर्वाचन सुरक्षाको सवालमा कुनै कसुर बाँकी राखेका छैनौं ।'

आन्दोलनका क्रममा लुटिएका १ हजार ३ सय ४२ थान हतियारमध्ये अधिकांश हतियार नियन्त्रणमा लिइसकेको उनको दाबी छ । त्यस्तै, क्षतिग्रस्त ४ सय ६५ प्रहरी कार्यालयहरू पुनः सञ्चालनमा ल्याइएको र निर्वाचन आयोगलाई आवश्यक ६ अर्ब ७३ करो बजेट सुनिश्चित गरेको प्रधानमन्त्री कार्कीले बताइन् । प्रधानमन्त्रीले यस्तो दाबी गर्दै गर्दा राजनीतिक दलहरूले भने सुरक्षा संवेदनशीलतालाई देखाएर चुनावबाट पछि हट्यो संकेत गरेका छन् । पुराना राजनीतिक दलका नेताहरूले जेनजी आन्दोलनका क्रममा लुटिएका हतियार र भागेका कैदीबन्दी नै चुनावको मुख्य चुनौती भएकाले सरकारले त्यसतर्फ ध्यान नदिएको आरोप लगाउँदै आएका छन् । निर्वाचनमा सेनासहित सशस्त्र प्रहरी, नेपाल प्रहरी खटिने भएकाले सबैलाई प्रस्ट आदेशसहित परिचालनको माग गरेका नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले बताए । 'फिल्डमा खटिँदा कसले के गर्ने र भूमिका के हुने भन्ने स्पष्ट नहुँदा अन्योलता बढेको विगतका घटनाबाट पाठ सिकेर नयाँ योजनासहित जानुपर्ने नेपाल प्रहरीले सरकारसमक्ष प्रस्ताव अघि सारेको छ,' काफ्लेले भने । गृह मन्त्रालयले उक्त प्रस्तावलाई सकारात्मक रूपमा लिएर आवश्यक योजना बनाएको बताएको छ । त्यस्तै, सरकारले सुरक्षा संवेदनशीलताका आधारमा समयमै सेना परिचालनसँगै भुपु सुरक्षाकर्मीसमेत खटाउने तयारी गरेको छ। एकीकृत सुरक्षा योजनामा समेटिएको रणनीतिमा सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट अवकाशप्राप्त ५० वर्षभन्दा कम उमेरका व्यक्तिलाई सिधै भर्ना गर्न सकिने प्रस्ताव पारित गरिएको गृह मन्त्रालयले जनाएको छ । प्रधानमन्त्रीले अधिकांश हतियार फिर्ता भएको सार्वजनिक अभिव्यक्ति दिए पनि जेनजी आन्दोलनको क्रममा लुटिएका १३ सय ४२ हतियारमध्ये ७ सय २३ मात्रै फिर्ता भएका नेपाल प्रहरीको विशेष स्रोतको दाबी छ । भदौ २४ मा लुटिएका हतियार फिर्ता ल्याउन सुरक्षा निकायहरूबाट संयुक्त अप्रेसन सञ्चालन गरिएको छ ।

प्रधानमन्त्री र मन्त्रीहरूले चुनावको सबै वातावरण तयार भइसकेको दाबी गरे पनि कतिपय सुरक्षा अधिकारी अझै निर्वाचन हुनेमा विश्वस्त छैनन् । नेपाल प्रहरीका एक उच्च अधिकृतले मध्यान्हसँग भने, 'निर्वाचन सुरक्षाको वातावरण बनाउन सबै सुरक्षा संयन्त्र संवेदनशील छन्। तर चुनाव भइहाल्ने अवस्था देखिँदैन । दल, जेनजी र अन्य प्रविधिक कारणले पनि चुनाव केही महिनापछि सर्न सक्ने सम्भावना छ ।' निर्वाचनका लागि सवा लाख म्यादी प्रहरी भर्ना गर्नुपर्ने पनि नेपाल प्रहरीले सुरक्षा योजनामा समेटेको छ ।

२०७९ को निर्वाचनमा १ लाख १८ हजार २ सय ३२ म्यादी प्रहरी भर्ना गरिएको थियो । यसपटक त्यसमा १० प्रतिशत थप हुन सक्ने विश्लेषण गरिएको छ । सबै दलहरू निर्वाचनमा गए निर्वाचन सुरक्षार्थ म्यादी प्रहरी धेरै नचाहिने र कुनै दलले बहिष्कार गरेमा म्यादीको संख्या थप गर्नेबारे समेत सुरक्षा संयन्त्रको बैठकमा छलफल भएको छ । चुनावको तयारीका लागि सातै प्रदेशमा सुरक्षा गोष्ठी गरी तयारी अघि बढाइएको सुरक्षा अधिकारीहरूले बताएका छन् । यद्यपि जेनजी आन्दोलनपछि गिरेको प्रहरीको मनोबल अझै उच्च भएको देखिँदैन ।

### सुरक्षा र कानुनबारे सर्वपक्षीय छलफल

चुनावको आवश्यक तयारी गरिरहेको निर्वाचन आयोगले सर्वपक्षीय छलफलको तयारी गरेको छ । आयोगले आज निर्वाचनको तयारी, सुरक्षा, व्यवस्थापन, कानुन संशोधनलगायत विषयमा सर्वपक्षीय छलफल गर्न लागेको हो ।

प्रधानमन्त्री सुशीला कार्कीसहित राजनीतिक दलका प्रतिनिधि, निर्वाचन आयोगलगायत निर्वाचनसँग सम्बन्धित पक्षबीच छलफल गर्न लागिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । 'निर्वाचनको तयारीको पछिल्लो उपलब्धि र प्रयास तथा सरोकार भएका पक्षको धारणा बुझ्न छलफलको आयोजना गरेका हौं,' उनले भने ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार निर्वाचन सुरक्षाको प्रत्याभूति दिलाउने प्रयासमा छ । निर्वाचन आयोगले आवश्यक तयारी अन्तिम चरणमा पुगेको बताएको छ। तर दलहरू अझै निर्वाचन हुनेमा विश्वस्त नभइरहेको अवस्थामा आयोगले यी सबै विषयमाथि छलफल गर्न आज दिउँसोका लागि सरोकारवालालाई सिंहदरबारमा निम्त्याएको हो । यसअघि पनि विभिन्न समयमा यसप्रकारका छलफल भए पनि पछिल्लो अपडेटका लागि छलफलको तयारी गरेको आयोगको भनाइ छ ।

## सिंहदरबारमै...

तीनवटा वार्षिक प्रतिवेदनमाथि संसदीय छानबिन, छलफल र फर्स्योट हुन सकेको छैन । लेखा समितिले महालेखा परीक्षकको ६०औं प्रतिवेदनमाथिको छलफल अन्तिम चरणमा पुऱ्याएको थियो । ६१ र ६२औं प्रतिवेदनमाथिको छलफलका लागि तयारी गर्दै थियो । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि प्रतिनिधि सभा नै विघटन हुन पुगेपछि महालेखा परीक्षकको प्रतिवेदन लेखा समितिको कार्यालयमै थन्किन पुगेका हुन् ।

संसदीय प्रक्रिया पूरा नहुँदा महालेखापरीक्षाको प्रतिवेदन मात्रै सिंहदरबारमा थन्किएको होइन, सरकारी खातामा देखिएका अनियमितता, दोहोरिएका कमजोरी र असुलउपर गर्नुपर्ने बेरुजुसमेत थन्किन पुगेका छन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४० मा बेरुजु फर्स्योटसम्बन्धी स्पष्ट कार्यविधि छ । जसअनुसार असुल गर्नुपर्ने बेरुजु असुल भई प्रमाण पेस भएको, पेस्की फर्स्योट भएको वा आवश्यक कागजात प्राप्त भएको अवस्थामा महालेखा परीक्षकको कार्यालयले सम्परीक्षण गरी लगत कट्टा गर्नुपर्नेहुन्छ र त्यसको जानकारी सात दिनभित्र सार्वजनिक लेखासमितिलाई दिनुपर्नेहुन्छ ।

सार्वजनिक लेखा समितिले छानबिनपछि तयार पारेको प्रतिवेदनबमोजिम लगतबाट हटाउनुपर्ने बेरुजु ३० दिनभित्र हटाई जानकारी दिनुपर्ने प्रावधान पनि उक्त ऐनमा छ । लेखा समिति विघटनको अवस्थामा भएकाले बेरुजु फर्स्योटसम्बन्धी कानुनी प्रावधान व्यवहारमा लागू हुन सकेको छैन ।

सार्वजनिक लेखा समितिले अघिल्ला वर्षका बेरुजु फर्स्योटका लागि उपसमिति नै गठन गरी काम गरेको थियो । विभिन्न कलस्टर बनाएर छलफल र छानबिनको काम अघि बढाएको थियो । तर प्रतिनिधि सभा विघटनले सबै संसदीय प्रक्रिया रोकिएका छन् ।

प्रतिनिधि सभा नियमावली २०७९ को नियम १७३ मा सार्वजनिक लेखासमितिको काम सरकारका काम कारबाहीको अनुगमन, मूल्यांकन तथा आवश्यक निर्देशन दिने रहेको छ

नियमावलीको नियम १७८ को उपनियम ८ ले समितिलाई महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गर्ने, सम्बन्धित निकायले गरेका काम कारबाही कानुनी र औचित्यपूर्ण भए-नभएको अध्ययन गर्ने तथा आवश्यक निर्देशन दिने अधिकार दिएको छ ।

उपनियम ११ अनुसार समितिले आफ्नो वार्षिक प्रतिवेदन वार्षिक बजेट पेस हुनुअगावै संसद्मा पेस गर्नुपर्ने स्पष्ट व्यवस्था छ । कानुनले स्पष्ट अधिकार र दायित्व तोकिदिए पनि महालेखा परीक्षकको प्रतिवेदनमाथि संसदीय निगरानी कमजोर बन्न पुगेको र यसकै कारण राजनीतिक अस्थिरता तथा प्रतिनिधि सभा विघटन हुन पुगेको सरोकारवाला बताउँछन् ।

उनीहरूका नजरमा बेरुजु केवल लेखा परीक्षणको प्राविधिक विषय होइन, यो शासन प्रणालीको विश्वसनीयतासँग जोडिएको प्रश्न पनि हो । यसकारण लेखा समितिको प्रभावकारिता आवश्यक छ ।

महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा मात्रै ९१ अर्ब ५९ करोड ७९ लाखबराबर बेरुजु थपिएको छ । संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखा परीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु ७ खर्ब ३३ अर्ब १९ करोड ९ लाख छ ।

## चुनाव...

विश्लेषण गर्न थालिएको छ ।

फागुन २१ मा प्रतिनिधि सभा निर्वाचन घोषणासहित बनेको अन्तरिम सरकारले चुनावी वातावरण बनाउँदै छ । दलहरू उम्मेदवार चयनको गृहकार्य गर्दै छन् । जिल्ला जिल्लाबाट उम्मेदवारका आकांक्षीको सिफारिस भइरहेका बेला नेताहरूले चुनाव नलड्ने घोषणा गरेका हुन् । काठमाडौं क्षेत्र नम्बर १० का सांसद राजन केसीले आउँदो चुनावका लागि आफ्नो नाम सिफारिस नगर्न भनेका हुन् । ६७ वर्षीय केसीले २०७० को संविधान सभा निर्वाचनमा पूर्वप्रधानमन्त्री एवं नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई हराएर चर्चित भएका थिए । २०६४ सालसम्म एमालेको गढका रूपमा रहेको उक्त क्षेत्रपछि कांग्रेसको गढ बनाउन केसीकै योगदान छ । जेनजी आन्दोलनपछि भने केसी युवापुस्तालाई पार्टी र सरकारको नेतृत्वमा पुऱ्याउनुपर्ने धारणा राख्दै आएका छन् ।

त्यसरी घोषणा गर्नेमा निवर्तमान सरकारका दुई मन्त्री पनि छन्। कांग्रेस सहमहामन्त्रीसमेत रहेका तत्कालीन पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले चुनाव नलड्ने सार्वजनिक घोषणा गरेका छन् । पटकपटक चुनाव लडे पनि २०७९ मा उनी बाजुराबाट पहिलोपटक निर्वाचित भएका थिए । निवर्तमान कृषिमन्त्री रामनाथ अधिकारीले सडकबाटै पुस्ता रूपान्तरणको कुरा आइसकेपछि आफू सक्रिय राजनीतिमा रहिरहनुको औचित्य नभएको भन्दै चुनाव नलड्ने घोषणा गरेका हुन् । 'जेनजी पुस्ताको आन्दोलनको भावनाअनुसार अब आमनिर्वाचनमा उम्मेदवार बन्न चाहँदैन,' उनले भने । माघ ११ मा हुने राष्ट्रिय सभा निर्वाचन र फागुन २१ मा हुने प्रतिनिधि सभा प्रत्यक्ष तथा समानुपातिक कतै पनि आफूले उम्मेदवारी नदिने अधिकारीले बताएका छन् ।

एमालेका निवर्तमान उपाध्यक्ष शाक्य र ज्ञवालीले पार्टीभित्र र संसदीय चुनाव नलड्ने घोषणा गर्दै सक्रिय राजनीतिबाट विश्राम लिएका हुन् । 'अब चुनाव उठ्दिनँ । मलाई भोट हाल्नुपर्दैन । तर मैले जे गर्दा पार्टी बलियो बन्छ, त्यही गर्ने प्रयत्न जारी रहन्छ,' उनले पार्टी बैठकमै भनेकी थिइन् । त्यस्तै, ज्ञवालीले आफू चुनाव नलड्ने तर पार्टीमा सक्रिय भइरहने बताएका छन्। एमालेका निवर्तमान अनुशासन आयोगका अध्यक्ष केशव बडालले पनि ५५ वर्षको सक्रिय राजनीतिबाट बिदा लिए । 'एमालेलाई समर्थन गरे पनि अब सक्रिय राजनीतिमा रहन्नँ, पदमा रहन्नँ,' बडालले मध्यान्हसँग भने, 'मैले गर्न नसकेको काम नयाँ पुस्ताले गरोस् ।'

एमालेका अर्का नेता काशीनाथ अधिकारीले पनि सक्रिय राजनीतिबाट बिदा लिए । करिब ५० वर्ष लामो राजनीतिक जीवनमध्ये ४४ वर्ष पूर्णकालीन सक्रिय राजनीतिमा बिताएको भन्दै ११औं महाधिवेशनबाट बिदा लिएको बताएका छन् । ३३ वर्ष केन्द्रीय कमिटीमै रहे । पार्टीका कुनै पनि कमिटी तथा निकायमा नरहने घोषणा गर्दै उनले साधारण सदस्यका रूपमा पार्टी, समाज र देशका हितमा काम गरिरहने जनाए ।

यसैगरी, कांग्रेसका नेता मानबहादुर विश्वकर्माले पनि कुनै लाभको पद नलिने घोषणा गरेका छन् । जेनजी आन्दोलनको भावनालाई सम्मान गर्दै उनले आगामी फागुन २१ गते हुने संघीय निर्वाचनको प्रत्यक्ष तथा समानुपातिक र राष्ट्रिय सभामा समेत उम्मेदवारी नदिने घोषणा गरे । 'अब नयाँ र युवा पुस्तालाई अवसर दिनुपर्छ,' विकले भने, 'मलाई कुनै पनि लाभको पदमा सिफारिस नगर्नुहोस् । जिल्लाबाट नयाँ र योग्य उम्मेदवारलाई सिफारिस गर्नुहोस् । पार्टीका उम्मेदवारलाई जिताउन मेरो तर्फबाट पूर्ण सहयोग रहनेछ ।'

उनी २०६३ सालमा वातावरण, विज्ञान तथा प्रविधि राज्यमन्त्रीसमेत भएका थिए । २०६४ सालमा अर्घाखाँची क्षेत्र नम्बर १ बाट संविधान सभा सदस्यका लागि नेपाली कांग्रेसको उम्मेदवार बनेका विश्वकर्मा २०७० मा संविधान सभा सदस्य र २०७४ सालमा प्रतिनिधि सभा सदस्य भएका थिए । राजनीति विश्लेषक शंकर तिवारीले पार्टीका पुराना नेताहरूले चुनाव नलड्ने घोषणा गर्नु सकारात्मक पक्ष भएको बताएका छन् । 'जेनजी आन्दोलनपछिको उथुलपुथुललाई बुझेर राजनीति अवकाश लिनु, चुनाव नलड्नु त राम्रो पक्ष हो,' उनले भने, 'स्वघोषणा गरेका नेताहरूले पछि समानुपातिकमा पनि जानुभएन ।'

मुख्य दलका शीर्ष नेताहरूले पनि जेनजीको भावनालाई बुझ्नुपर्ने उनको भनाइ छ । 'कांग्रेसमा महाधिवेशन सारिरहनु, एमालेमा पुरानै नेतृत्व अनुमोदन भएर आउनु जेनजी भावना विपरीत हो,' तिवारी भन्छन्, 'यो वा त्यो वाहनामा युवा शक्तिलाई पन्छाएर राजनीति गर्दा जेनजी आन्दोलनको प्रभाव ख्याल गर्नुपर्छ ।'

त्यस्तै, समाजशास्त्री डा. मिना पौडेलले सक्रिय नेताहरूले स्वेच्छिक अवकाश लिनुलाई दुई अर्थमा लिनुपर्ने बताउँछिन् । नयाँ पुस्तालाई अवसर दिनेगरी विश्राम लिएको हो भने सकारात्मक लिनुपर्ने उल्लेख गर्दै उनी चुनावी नतिजाको डरले पनि नेताहरूमा आत्मविश्वास गुमेको हुन सक्ने बताइन् । 'जेनजी आन्दोलनको प्रभाव पनि होला । मुख्य कुरा नेताहरूले आत्मविश्वास गुमाउँदै गएको पनि हो,' उनले भनिन्, 'अब चुनाव जित्दैनौं कि भन्ने डर पनि छ ।' जेनजी आन्दोलनले फेरि नेताहरूको घरमा लुटिने, नेताहरू कुटिने त्रास अझै रहेको पौडेलले बताइन् । 'अपराधी र हातहतियार बाहिर छन्, त्यसको पनि डर होला,' उनले भनिन्, 'नेताहरूले स्वेच्छिक अवकाश लिएको भन्ने भ्रम पनि हुन सक्छ, सहज वातावरण भयो भने फेरि आउन सक्छन् ।'

## मंसिरमा...

कात्तिकमा म्यानपावरमार्फत १२ हजार १ सय ४९ जना गएकोमा मंसिरमा उक्त संख्या १८ हजार ३ सय ९८ पुगेको छ । वैदेशिक रोजगार व्यवसायीहरूका अनुसार जेनजी आन्दोलनपछि प्रमुख रोजगार गन्तव्य युएईमा जाने क्रम बढेको छ । तर प्रहरीले रिपोर्ट प्रमाणित गर्ने क्रममा झन्झट र लागत पनि बढेको छ ।

गत डिसेम्बर ४ सम्म कन्सुलर विभागबाट ५ सय रुपैयाँमा हुने प्रमाणीकरण शुल्क नेपालस्थित युएई दूतावासबाट प्रमाणीकरण गर्न थालिएपछि १४ हजार रुपैयाँ पुगेको छ । प्रक्रियामा ढिलाइ भएकाले कामदार छिटो छरितो रूपमा जान नपाएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

अर्को मुख्य गन्तव्य मलेसियामा ठुलो संख्यामा जाने म्यानुफ्याक्चरिङ क्षेत्र नखुलेकाले कामदार जान पाएका छैनन् । युरोपेली मुलुकमा सिजनल भिसा भन्दै व्यक्तिगत रूपमा असुरक्षित तरिकाले पठाउने र शरणार्थी आवेदन गर्न उक्साउने क्रम बढेको बताइएको छ ।

मंसिरमा संस्थागत रूपमा सबैभन्दा बढी साउदी अरेबियामा ६ हजार ४ सय ४ जना, दोस्रोमा रहेको मलेसियामा ३ हजार ४ सय २३ जना, तेस्रोमा रहेको कतारमा ३ हजार १ सय ४६ जना, चौथोमा रहेको कुवेतमा २ हजार ३ सय १ जना, पाँचौंमा रहेको ओमानमा ७ सय ६६ जना र प्रायः प्रमुख गन्तव्य रहेको युएई छैटौंमा पुगेको छ । युएईपछि रहेको साइप्रसमा ४ सय ८४ जना, बाहराइनमा ४ सय ५५ जना, मरिससमा ३ सय ७९ जना, जोर्डनमा १ सय ९१ जना, जापानमा १ सय ७० जना र बेलायतमा म्यानपावर कम्पनीमार्फत ५ जना कामदार गएका छन् । मंसिरमा रिइन्ट्रीका माध्यमबाट ३६ हजार ८७ जना, जीटुजीबाट ८ सय ९७ जना, व्यक्तिगत नयाँ श्रम स्वीकृतिका माध्यमबाट १० हजार २ सय ६६ जना र वैधानिकीकरणका माध्यमबाट ५७ जना गएका छन् । मंसिरमा ७ सय ८५ म्यानपावर कम्पनीले कामदार पठाएका छन् । यस वर्ष साउनदेखि मंसिरसम्म पाँच महिनामा ३ लाख ४१ हजार ४ सय ६७ जना नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएका छन् ।

## मंसिरमा धेरै...

र तेस्रो स्थानमा छन् । अन्य महिनाहरूमा सात दर्जन हाराहारीमा म्यानपावर कम्पनीले एक सय बढी कामदार पठाएकोमा मंसिरमा महिनामा उक्त संख्या ३२ मा सीमित भएको वैदेशिक रोजगार विभागको तथ्यांकमा उल्लेख छ ।

**धेरै पठाउने म्यानपावर कम्पनी :**

एसओएस म्यानपावर सर्भिस प्रालि- ४९४
नील कमल ह्युमन रिसोर्स प्रालि- ४४७
गल्फ म्यानपावर सर्भिसेस प्रालि- ३३०
ग्रेस ओभरसिज प्रालि- २३०
अल-हयात म्यानेजमेन्ट सिस्टम प्रालि- २१४
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि- २०१
त्रिपुरा इम्प्लोइमेन्ट प्रालि- १८९
एससिसी म्यानपावर कम्पनी प्रालि- १६५
अक्सफोर्ड इन्टरनेसनल प्रालि- १५६
प्याराडाइज इन्टरनेसनल प्रालि- १५५
बज्र ह्युमन रिसोर्स प्रालि- १५३
मोन्टेज ओभरसिज प्रालि- १५३
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रालि- १४९
सेरोन म्यानपावर सर्भिस प्रालि- १३८
मोभिरा रिक्रुटिङ कन्सल्ट्यान्सी सर्भिस प्रालि- १३१
द रिभर ओभरसिज प्रालि- १३१
इन्डो अरब म्यानपावर प्रालि- १२८
मिडिल इस्ट म्यानपावर प्रालि- १२१
लुलु इन्टरनेसनल प्रालि- १२१
पिजन इन्टरनेसनल ओभरसिज प्रालि- १२०
नाइस रिक्रुटिङ एजेन्सी प्रालि- १२०
टेस्ला ओभरसिज प्रालि- ११९
लक्की एचआर सोलुसन प्रालि- ११८
एमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रालि- ११८
आयुष ओभरसिज प्रालि- ११६
मुस्कान ओभरसिज प्रालि- ११५
जलजला रिक्रुटमेन्ट प्रा.लि. ११५
एएस इन्टरनेसनल ग्रुप प्रालि- ११३
त्रिवेणी एचआर सोलुसन प्रालि- १११
साउन्डलाइन्स रिक्रुटमेन्ट सर्भिस प्रालि- १०५

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी**
**सडक डिभिजन, इलाम**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०९/०७**

यस डिभिजनबाट मिति २०८२/०५/११ मा PPMO को web portal www.bolpatra.gov.np/egp आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०३-८२-८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिएका तपसिल बमोजिमका बोलपत्रहरु स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक (मू.अ. कर र पि. एस. सहित) |
|---|---|---|---|---|
| १. | RDILAM/337011694/082/83-13 | Road Upgrading Works along Daregauda- Phungnam- Toribari Sadak | M/s Balaark Construction and Suppliers Pvt. Ltd., Ilam | NRs. 1,03,32,624.84 |
| २. | RDILAM/337011694/082/83-14 | Road Upgarding Works along Chulachuli Ga. Pa. Ward No. 3 Chanju Khola Sukuna Road (Chanju Khola- Deurali Chowk- Mangal Siddhi Mundhum Chowk Section) | M/s Indreni Construction & Suppliers Pvt. Ltd., Morang | NRs. 1,14,72,772.80 |
| ३. | RDILAM/337011694/082/83-15 | Road Upgrading Works along Harkate Lampadhero- Mahendrabeshi Su. Na. Pa.-6 Ilam Sadak. (Chainage: 0+000 to 1+000 km) | M/s B.S.D. Construction, Kathmandu | NRs. 82,53,478.41 |
| ४. | RDILAM/337011694/082/83-16 | Rigid Pavement and Drainage Works along Mechi Rajmarga-Ilam Na.Pa.- Ekleber sadak | M/s Malaya Construction, Siraha | NRs. 1,03,23,949.16 |
| ५. | RDILAM/337011694/082/83-17 | Road Upgrading Works along Subhash Ratna Marga, Intake to Puwa Khola Bridge, Futuk (CH- 4+430 to CH- 5+230) and Gagre Bhanjyang (Ch.16+760 to Ch.17+560) | M/s Helina Nirman Sewa, Ilam | NRs. 87,69,503.75 |

## आर्थिक प्रस्ताव खोलिने सूचना

यस डिभिजनबाट मिति २०८२/०५/११ र २०८२/०६/१२ मा PPMO को web portal www.bolpatra.gov.np/egp तथा क्रमशः आर्थिक राष्ट्रिय दैनिक र हिमालयन राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०३-८२-८३ र ०४-८२-८३ बमोजिम रीतपूर्वक प्राप्त भएका बोलपत्रहरुको प्राविधिक मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन समेत) को नियम ३१ (ज) को उपनियम (५) बमोजिम तपशिल बमोजिमको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | सूचना नं. | ठेक्का नं. | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|
| १. | ०३-८२-८३ | RDILAM/337011694/082/83-08 | i. M/s Raktakali- Pokhari JV, Ramechhap<br>ii. M/s Sujal- BB JV, Ilam<br>iii. M/s Maila Bro Construction, Ilam<br>iv. M/s Bouddha Nirman Sewa, Ilam | मितिः २०८२/०९/१४ (29 December 2025)<br>समयः दिनको १३:०० बजे<br>स्थानः सडक डिभिजन इलाम |
| २. | | RDILAM/337011694/082/83-09 | i. M/s CPS/Lo/Rishi JV, Panchthar<br>ii. M/s Muben- Namlek Nirman Sewa JV, Panchthar<br>iii. M/s Saltar Construction, Terathum<br>iv. M/s Hewa Bhagwati/ Sunkoshi JV, Dolakha<br>v. M/s Adhikari Nirman Sewa Panchthar | |
| ३. | | RDILAM/337011694/082/83-10 | i. M/s Muben- Namlek Nirman Sewa JV, Panchthar<br>ii. M/s Rohan/ Chandrajyoti/ Tumbapo JV, Panchthar<br>iii. M/s Shree Jay Sambhu Nirman Sewa, Ilam | |
| ४. | | RDILAM/337011694/082/83-11 | i. M/s Thing- SCI JV, Ilam<br>ii. M/s Shankar Trishakti Nirman Sewa, Ilam<br>iii. M/s Raktakali- Pokhari JV, Ramechhap<br>iv. M/s Bouddha Nirman Sewa, Ilam<br>v. M/s Nisan Nirman Sewa, Sunsari | |
| ५. | | RDILAM/337011694/082/83-12 | i. M/s Sujal- Mai Bhagwati JV, Ilam<br>ii. M/s Karki- Indrajit JV, Ilam | |
| ६. | ०४-८२-८३ | SRCTIP-DOR-WPM-RDILM-NCB-43 | i. M/s Rautaha Construction Pvt. Ltd., Udayapur<br>ii. M/s Diwa- Joshi JV, Kathmandu<br>iii. M/s Kankai- Devi Dada- Parbati Ambika JV, Jhapa<br>iv. M/s J and J Nirman Sewa Pvt. Ltd., Jhapa | |

**डिभिजन प्रमुख**

# निर्वाचन तयारीमा लाग्न प्रधानमन्त्रीको आग्रह



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र स्थिरताका लागि प्रतिनिधिसभाको निर्वाचन तोकिएकै समयमा हुनुपर्ने बताएका छन्।

प्रधानमन्त्री कार्कीले इलाम क्षेत्र नं २ का निवर्तमान सांसद सुहाङ नेम्बाङ नेतृत्वको प्रतिनिधिमण्डलसँग सिंहदरबारमा आइतबार भएको भेटमा यो सरकार चुनाव गराउनैका लागि आएकाले अब कुनै दुविधा नराखी चुनावको तयारी गर्न पनि आग्रह गरे। उनले भने, 'हामी चुनाव गराउनै लागिरहेका छौं। असामान्य अवस्थामा शान्ति स्थापना र चुनाव गराउनकै लागि आएका हौं। शान्ति स्थापना र कानुनको शासन बहालीमा सफलता मिलेको छ। अबको हाम्रो लक्ष्य चुनाव गराउने हो। चुनाव भए मात्र मुलुकमा दिगो शान्ति र स्थायित्व सुनिश्चित हुन्छ।' प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार पूर्वसांसद नेम्बाङले प्रधानमन्त्री कार्कीलाई चुनाव गराउन सफलता मिलोस् भनेर शुभकामना पनि दिए।

प्रधानमन्त्री कार्कीले यहाँसँग चुनावमा उठ्ने तयारी के छ भनेर पनि जिज्ञासा राखेका थिए। जवाफमा उनले चुनावको तयारी गरिरहेको बताए। प्रधानमन्त्री कार्कीले उनलाई शुभकामना दिँदै अब युवा नै अघि सर्नुपर्ने धारणा व्यक्त गरे।

उनले भने,'चुनाव हुन्छ, तयारी अवस्थामा रहनू। तपाईंहररूजस्तो युवा आउनुपर्छ र देशको बागडोर सम्हाल्नुपर्छ। अनि मात्र देशमा केही हुन्छ। बाँसको कलमले अक्षर लेख्न सिकेकाहरूले स्मार्टफोनसँगै जन्मिएकाहरूमाथि शासन गरेर हुँदैन। पुरानाको अनुभव र सल्लाह काम लाग्ला तर चालक सिटमा युवा नै आउनुपर्छ। देश युवाले नै हाँक्नुपर्छ। युवामा साहस र ऊर्जा छ।' पूर्वसांसद नेम्बाङले इलाममा बाढीपहिरोका कारण क्षतिग्रस्त राजमार्ग र पुल पुनर्निर्माणमा तदारुकता देखाउनुपर्ने भन्दै प्रधानमन्त्रीको ध्यानाकर्षण गराए। प्रधानमन्त्री कार्कीले हालै भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङ स्थलगत अवलोकन गरी फर्किएको र यस विषयमा सरकार गम्भीर रहेको जानकारी दिए।

# सञ्चारमन्त्री खरेलले सार्वजनिक गरे तीन महिनामा ३० काम



**काठमाडौं/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जिम्मेवारी सम्हालेको तीन महिनाको अवधिमा ३० प्रमुख उपलब्धी सार्वजनिक गरेका छन्।

मन्त्री खरेलले गत असोज ६ गते सञ्चारमन्त्रीको रुपमा नेतृत्व लिएको तीन महिनामा ३० महत्वपूर्ण सार्वजनिक गरेका हुन्।

सञ्चारमन्त्री खरेलले सिंहदरबार स्थित मन्त्रालयमा आज पत्रकार सम्मेलन गरी मन्त्रीको रुपमा पदबहाली भएको तीन महिनामा सम्पन्न भएका आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, मुद्रण, चलचित्र र अन्य विभिन्न क्षेत्रका ३० उपलब्धिहरू सार्वजनिक गरेका छन्। मन्त्री खरेलले तीन महिनाको अवधिमा उल्लेखनीय कार्य सम्पादन गरेको बताए। उनले भने, 'धेरै चुनौतिकाबीच यति मुख्य उपलब्धी हाशिल भएको छ। आगामी दिनमा इमान्दारिकता साथ काम गरिन्छ।'

यसअवधिमा सूचना तथा प्रसारण विभागबाटै अनलाइन दर्ता तथा नवीकरण, सुरक्षण मुद्रण केन्द्रबाट सवारीचालक अनुमतिपत्र (लाइसेन्स) छपाइको कामदेखि दुर्गम क्षेत्रमा दूरसञ्चारको पहुँच, सगरमाथाको आधार शिविरमा फोरजी सेवा विस्तारसम्मका महत्वपूर्ण काम भएका छन्।

सञ्चारमन्त्री खरेलले तीन महिनाको अवधिमा आमसञ्चार क्षेत्रमा सूचना तथा प्रसारण विभागबाटै अनलाइन दर्ता तथा नवीकरण, एनटिभि वर्ल्डको शुभारम्भ, स्व.पत्रकार सुरेश रजकलाई शहीद घोषणा, गोरखापत्रमा कुलुङ भाषा थपसहित ४६ भाषामा समाचार तथा रेख रचना प्रकाशन भएको जानकारी दिए। यस्तै दूरसञ्चार क्षेत्रमा निःशुल्क वाइफाई इन्टरनेट तर्फ काठमाडौं उपत्यकाका १९ वटा सार्वजनिक स्थानमा जडान गरिएको र उपत्यका बाहिर २९ स्थानमा वाइफाइ जडानका लागि पक्रिया अघि बढाइएको बताए।

सुदूरपश्चिम प्रदेशमा १५ वटा वायरलेस साइट जडान गरिएको, नेपाल टेलिकमको सक्रिय ग्राहक संख्या दुई लाख वृद्धि,जेनजी डाटा प्याक कार्यान्वयन, एभरेष्ट वेस क्याम्पमा फोरजी सेवा विस्तार लगायतका कार्य सम्पन्न गरिएको पनि मन्त्री खरेलले बताए।

सञ्चार मन्त्री खरेलले जेन्जी घाइते पत्रकार सम्मान, जेनजी आन्दोलन क्षतिको विवरण तयार, सरकारी सञ्चार माध्यममा कार्यरत पत्रकार तथा कर्मचारीहरू सामाजिक सुरक्षा कोषमा आवद्धता लगायतका उपलब्धिहरू सार्वजनिक गरे। सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलले मुलुक निर्वाचनमा होमिएको बताए। राजनीतिक दल, निर्वाचन आयोग, सरकार र जनता सबैतिर निर्वाचनको वातावरण छाएको उनले उल्लेख गरे। सञ्चारमन्त्री खरेलले भने, 'मुलुक अहिले निर्वाचनमा होमिसकेको अवस्था छ। सरकारले निर्वाचनको वातावरण बनाइसकेको छ। सबै राजनीतिक दल, निर्वाचन आयोग र जनता सबैतिर अहिले निर्वाचनको वातावरण छाएको छ।'

सञ्चारमन्त्री खरेलले सरकारले जेनजी आन्दोलनको भावनाअनुसार सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा काम गरिरहेको बताए। उनले भने, 'आगामी फागुन २१ गते निर्वाचनको हुने वातावरण बनिरहेको छ। त्यसको साथै सुशासनलाई आत्मासात गर्दै सम्माननीय प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले काम अघि बढाएको छ।

## नेपाल एजुकेसन कन्क्लेभ–२०२५ सम्पन्न

# उच्च शिक्षा सुधारदेखि विद्यार्थी पलायन रोक्ने साझा निष्कर्ष

**नगरकोट/मस–** नेपालको उच्च शिक्षा क्षेत्रमा देखिँदै आएका गम्भीर चुनौतीहरूको समाधान खोज्ने उद्देश्यसहित आयोजना गरिएको नेपाल एजुकेसन कन्क्लेभ-२०२५ सफलतापूर्वक सम्पन्न भएको छ।

मधेश विश्वविद्यालय र कलेज रिडर्सद्वारा संयुक्त रूपमा आयोजना गरिएको दुईदिने सम्मेलन पुस ४ र ५ गते नगरकोटस्थित माउण्टेन भिस्टा रिट्रिटमा सम्पन्न भएको हो।

देशका १० विश्वविद्यालयका उपकुलपति, विश्वविद्यालय अनुदान आयोग, शिक्षाविद, नीति-निर्माता तथा विद्यालय र कलेज क्षेत्रका प्रतिनिधिसहित २ सय बढी सहभागीहरूको उपस्थितिमा सम्पन्न कन्क्लेभले उच्च शिक्षाको वर्तमान अवस्था र भविष्यको दिशामाथि गहन बहस गरेको छ।

कार्यक्रमको औचित्य र पृष्ठभूमिबारे स्पष्ट पार्दै शिक्षाविद् तथा कलेज रिडर्सका संरक्षक भवानी प्रसाद पौडेलले नेपालबाट हरेक वर्ष ठूलो संख्यामा विद्यार्थी विदेशिनुनै यस कन्क्लेभ आयोजना गर्नुको मूल कारण भएको बताए। 'विद्यार्थी विदेश जानु व्यक्तिगत निर्णय मात्र होइन, यो हाम्रो शिक्षा प्रणालीमाथिको गम्भीर प्रश्न हो,' उनले भने, 'अब शिक्षा देश छोड्ने बाध्यता होइन, देशमै सम्भावना देखिने खम्बा बन्नुपर्छ भन्ने सोचका साथ यो कन्क्लेभ आयोजना गरिएको हो।'

पौडेलका अनुसार नेपाल एजुकेसन कन्क्लेभ कुनै औपचारिक कार्यक्रम मात्र नभइ उच्च शिक्षा क्षेत्रमा दीर्घकालीन रूपान्तरणको सुरुवात गर्ने साझा राष्ट्रिय अभियान हो।

कन्क्लेभमा बोल्दै मधेश विश्वविद्यालयका उपकुलपति डा. दिपक बहादुर शाक्यले विश्वविद्यालयहरूलाई डिग्री-केन्द्रित सोचबाट बाहिर निकालेर अनुसन्धान, नवप्रवर्तन र ज्ञान उत्पादनतर्फ केन्द्रित गर्नुपर्ने बताए। 'हामीसँग प्रतिभा र सम्भावना दुवै छन्, कमी छ त केवल प्रणालीगत सुधारको,' उनले भने।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष डा.देभराज अधिकारीले उच्च शिक्षा सुधारका लागि नीतिगत स्पष्टता र जवाफदेहितामा जोड दिँदै अब अनुदान वितरण मात्र गरेर गुणस्तर सुधार सम्भव नहुने बताए। काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति डा.भोला थापाले विश्वविद्यालयको स्वायत्तता र स्वतन्त्र चिन्तनलाई उच्च शिक्षाको मेरुदण्डका रूपमा व्याख्या गर्दै राजनीतिक हस्तक्षेपबाट मुक्त नभएसम्म विश्वविद्यालय विश्वस्तरीय बन्न नसक्ने धारणा राखे।



त्यसैगरी काठमाडौं स्कुल अफ लका महासचिव डा. युवराज संग्रौलाले उच्च शिक्षामा कानुनी तथा नीतिगत सुधार अपरिहार्य रहेको उल्लेख गरे। कन्क्लेभको अन्तिम सत्रमा दुई चरणमा प्यानल छलफल समेत सम्पन्न भएको थियो। पहिलो चरणको प्यानल छलफलमा विभिन्न विश्वविद्यालयका उपकुलपतिहरू सहभागी थिए। छलफलमा विश्वविद्यालय सुधार, शैक्षिक स्वायत्तता, अनुसन्धान प्रवर्द्धन, अन्तर्राष्ट्रिय सहकार्य तथा विद्यार्थी-केन्द्रित शिक्षामा विशेष जोड दिइएको थियो।

सहभागी उपकुलपतिहरूले नेपाली विश्वविद्यालयहरूलाई विश्वस्तरीय बनाउने हो भने पाठ्यक्रम, शिक्षण पद्धति र व्यवस्थापन प्रणालीमा समग्र सुधार अपरिहार्य रहेको धारणा राखे। उनीहरूले विश्वविद्यालयहरूबीच सहकार्य, संयुक्त अनुसन्धान र अन्तर्राष्ट्रिय साझेदारी विस्तार नगरी प्रतिस्पर्धी शिक्षा प्रणाली निर्माण सम्भव नहुने निष्कर्ष निकालेका छन्।

त्यसैगरी दोस्रो चरणको प्यानल छलफलमा प्याब्सन, एन-प्याब्सन र हिसानका पदाधिकारीहरूको सहभागिता रहेको थियो। छलफलमा विद्यालयदेखि विश्वविद्यालयसम्मको शैक्षिक शृंखलामा आवश्यक समन्वय, गुणस्तरीय शिक्षाको प्रत्याभूति र विद्यार्थीलाई नेपालमै रोक्न सक्ने वातावरण निर्माणबारे गहन विमर्श गरिएको थियो।

एन-प्याब्सनका अध्यक्ष युवराज न्यौपानेले विद्यालय तहको गुणस्तर सुधार बिना उच्च शिक्षा सुधार सम्भव नहुने बताए। 'विद्यार्थी विदेश जानुमा विद्यालय तहको तयारी, मार्गदर्शन र विश्वासको पनि ठूलो भूमिका हुन्छ,' उनले भने। प्यानल छलफलमा सहभागीहरूले निजी तथा सामुदायिक शैक्षिक क्षेत्र, विश्वविद्यालय र राज्यबीच प्रभावकारी सहकार्य बिना विद्यार्थी पलायन रोक्न नसकिने निष्कर्ष निकालेका छन्। शिक्षा सुधारलाई कुनै एक पक्षको जिम्मेवारी नभई साझा राष्ट्रिय एजेण्डाका रूपमा अघि बढाउनुपर्नेमा उनीहरूको जोड थियो। विद्यालय, कलेज, विश्वविद्यालय र नीति-निर्माताबीच निरन्तर संवाद र सहकार्य आवश्यक रहेको निष्कर्ष कन्क्लेभको प्रमुख उपलब्धिका रूपमा देखिएको छ।

कन्क्लेभले नेपालको उच्च शिक्षा प्रणालीलाई दीर्घकालीन रूपान्तरणतर्फ लैजान स्पष्ट मार्गचित्र प्रस्तुत गरेको सहभागीहरूको निष्कर्ष छ। सम्मेलनबाट निस्किएका सुझाव र प्रतिबद्धताहरू व्यवहारमा उतार्न सके नेपाललाई केवल विद्यार्थी पठाउने देश होइन, विश्वस्तरीय शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न सकिने विश्वास व्यक्त गरिएको छ।

## श्री नारायणी माध्यमिक विद्यालय
**मैवाखोला गाउँपालिका-३ साँघु, ताप्लेजुङ्ग**

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धमा**

**प्रकाशन मितिः २०८२/०९/०७**

यस श्री नारायणी माध्यमिक विद्यालयको तपसिल अनुसारको निर्माण कार्यको लागि विद्युतीय बोलपत्र पेश गर्ने मिति २०८२/०८/०५ मा प्रथम पटक प्रकाशित सुचनाअनुसार विभिन्न मितिमा इजिपि मार्फत पेश भएका बोलपत्रहरु बोलपत्र आव्हान सम्बन्धी कागजात, सार्वजनिक खरिद नियमावली, (संशोधन सहित) २०६४ को नियम १४७ (१) अनुसारको मूल्यांकन समितिले गरेको मूल्यांङ्कन र सोको प्रतिवेदनका आधारमा निम्न बोलपत्रदाताको बोलपत्र न्यून मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको हुँदा उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न तथा देहायानुसार कबोल अंक राखी बोलपत्र पेश गर्ने बोलपत्रदाता र अन्य सरोकारवालाहरु समेतको जानकारीका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) मा रहेको प्रयोजनार्थ न्यून मूल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही तपसिलको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशय जानकारी गराइएको छ। यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा ऐ. ऐनको दफा ४७ अनुसारको कुनै निवेदन यस कार्यालयमा दर्ता हुन नआएमा उल्लेखित निर्माण व्यवसायी मार्फत उल्लेखित खरीद प्रकृया अगाडि बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

| निर्माण कार्यको विवरण र ठेक्का नं | ल. ई. रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | न्युन मुल्यांकित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) | ल.ई. भन्दा घटी रकम रु. (पि.एस., भ्याट तथा गुणन करेक्सन सहित) तथा प्रतिशत | बोधार्थ (कबोल रकम पि.एस., भ्याट तथा गुणन करेक्शन सहित रकम रु.) |
|---|---|---|---|---|---|
| प्रशासनिक भवन, छात्रावास र घेराबारा निर्माण कार्य NSS/NCB/WORKS/082/083-01 | रु. ११४,२८,४०३.६३ | कन्चनजंघा सामुदायिक निर्माण सेवा प्रा.लि., मैवाखोला गा.पा.-०२ | रु. ९९,८९,७५३/४० | रु. १४,३८,६५०/२३, (१२.५९%) | |

नि. प्रधानाध्यापक

## दाबी बिरोध सम्बन्धि
## बैदेशिक रोजगार बिभाग, काठमाण्डौको सूचना

**प्रकाशित मितिः- २०८२/०९/०७**

**यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत पत्र प्राप्त संस्था गूड लाईफ इन्टरनेसनल इम्प्लोएमेन्ट एजेन्सी नेपाल प्रा. लि. (ई. पत्र नं. १७/०४७/०४८) को साविक काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. २६ कायम गर्न माग भई आएकोले उक्त प्रा.लि. को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी निवेदन पेश गर्नु हुन अनुरोध छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/२३ मा दर्ता भएको **प्रा. लि. नं. १८५२५० को** श्री **नेपाल एजुकेशनल सर्भिसेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेड
**अनामनगर, काठमाडौं**

**नवौं वार्षिक साधारण सभाको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०७**

यस ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेड (प्रा.लि. नं. १५३६४४/०७३/०७४) को सञ्चालक समितिको मिति वि.सं. २०८२ पौष ०६ गते, तदनुसार ई. सं. २०२५ डिसेम्बर २१ तारिक आइतबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम ओभरसिज नेपालीज इन्भेस्टमेण्ट कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा तपसिलको मिति, स्थान र समयमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा गरिमामय उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**
**मितिः-** २०८२ पौष २७ गते आइतबार तदनुसार ११ जनवरी सन् २०२६
**समय :-** बिहान ११:३० बजेदेखि ४ बजेसम्म
**स्थानः-** कम्पनीको रजिष्टर्ड कार्यालय

**छलफलका विषयहरूः-**

**क) सामान्य प्रस्तावः-**
१. आर्थिक वर्ष २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने।
२. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्ति गर्ने।
३. कम्पनीको साधारण सभाको निर्णय प्रमाणित गर्न अख्तियारी दिने सम्बन्धमा।

**ख) विशेष प्रस्तावः-**
१. सञ्चालक समिति गठन गर्ने।
२. प्रबन्धपत्रमा गरिने संशोधन सम्बन्धमाः-
क) दफा १, कम्पनीको नाम परिवर्तन सम्बन्धमा।
ख) दफा ४, उदेश्य थप गर्ने सम्बन्धमा।
३. नियमावलीमा गरिने संशोधन सम्बन्धमाः-
क) दफा १ को संशोधन सम्बन्धमा।
ख) दफा २७ को उपदफा १ (क, ख) संशोधन सम्बन्धमा।
४. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०७**

मिति २०८२/०८/१० गते सम्पन्न वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ओम मनकामना हार्डवेयर** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अल्फा पिक कन्स्ट्रक्सन (प्रा. लि. नं.: ३४०८३९)** कायम गर्ने गरी मिति २०८२/०८/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**आन्तरिक आयको ठेक्का सूचना**

**दोस्रो पटक प्रकाशित मिति - २०८२/०९/०७**

पन्चपुरी नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०९/०७ का दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०९/२३ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०९/२३ गते दिनको १:०० बजे कायम गरिएको छ। बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ।

देहाय

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | न्युनतम बोलपत्र कबोल अंक रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|
| PMO/SKT/NCB/MINES/082/83-01(Re) | पन्चपुरी न.पा.वडा नं.११ बड्डीखहरे खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. ६७३५३४७.४ | रु. ३,००० |
| PMO/SKT/SQ/MINES/082/83-02(Re) | पन्चपुरी न.पा.वडा नं. ११ बाग्गाड र गल्फा खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. १०३९९९७.४ | रु. १,००० |
| PMO/SKT/SQ/MINES/082/83-03(Re) | पन्चपुरी न.पा.वडा नं ३ चौर र वडा नं ४ बरैचे खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. ४९३५९७ | रु. १,००० |
| PMO/SKT/SQ/MINES/082/83-04(Re) | पन्चपुरी न.पा.वडा नं ११ कोसेनी खोलाको प्राकृतिक श्रोत नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल आदी) को बिक्री शुल्क संकलन | रु. ५१८८५१ | रु. १,००० |

बिस्तृत जानकारीका लागि www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

## सम्पादकीय

# सरकारले गति बढाओस्

जेनजी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा बनेको अन्तरिम सरकारले १ सय दिन पूरा गरेको छ। संकटको घडीमा बनेको यो सरकारले संसदीय परम्पराअनुसार हनिमुन पिरियड मानिने समय व्यतीत गर्दा अपेक्षित भरोसा दिलाउन सकेको छैन। जेनजी जनआन्दोलनले दिएको जनादेश स्पष्ट थियो- मुलुकलाई सुशासनतर्फ डोर्‍याउने, तत्कालै गर्नुपर्ने भ्रष्टाचारको छानबिन अघि बढाउने र तोकिएकै मितिमा निर्वाचन गराएर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने। तर सरकारले यी तीनवटै कामलाई सन्तोषजनक ढंगले अघि बढाउन सकेको देखिँदैन। कार्की प्रधानमन्त्री नियुक्त भएको तीन महिनासम्म पनि मन्त्रिपरिषद्ले पूर्णतासमेत पाउन सकेको छैन। एकैपटकमा आफूलाई चाहिने मन्त्रीहरू नियुक्ति गर्नुको साटो चरणबद्ध रूपमा मन्त्रिपरिषद् विस्तार गर्नुले प्रधानमन्त्री दबाबमा रहेको बुझ्न कठिन छैन। आन्दोलनकारी शक्ति विभाजित हुँदा प्रधानमन्त्रीलाई नै विवादमा तान्ने कोसिस विभिन्न जेनजी समूहले गरिरहेका छन्। संकटग्रस्त अवस्थामा देशको कार्यकारी नेतृत्व सम्हालेकी प्रधानमन्त्री कार्कीका लागि सबैलाई मिलाएर अघि बढ्नु पक्कै सहज छैन। बलियो टिम बनाएर स्पष्ट सन्देश दिन नसक्दा सरकार अपेक्षाकृत प्रभावकारी बन्न सकेको छैन।

केही मन्त्रीहरू सक्रिय देखिन्छन्। तर खर्च कटौती, ठेक्का तोड्ने प्रक्रिया र नियमित प्रशासनिक काम भए पनि त्यसले सुशासन र अर्थतन्त्रमा दीर्घकालीन आधार तयार गर्न सकेका छैनन्। नीतिगत र संरचनागत सुधारतर्फ सरकार गम्भीर देखिँदैन। जेनजी आन्दोलनको मूल मागमध्ये एक थियो, भ्रष्टाचारको उच्चस्तरीय छानबिन। तर मुख्य राजनीतिक दलहरूले सरकारकै वैधानिकतामाथि प्रश्न उठाउन थालेपछि प्रधानमन्त्री कार्की हच्किएको देखिन्छ। सुशासनको नारा बोकेको सरकारले विवादित व्यक्तिको संरक्षण गरेको आरोप पनि खेप्नुपरेको छ। सचिवालय नियुक्तिदेखि डिम्ब चोरीजस्तो संवेदनशील प्रकरणमा महान्यायधीवक्ताको भूमिकासम्म प्रधानमन्त्री कार्की मौन देखिइन्। यसले आन्दोलनको भावनामाथि नै प्रश्न उठाएको छ।

सबैभन्दा चिन्ताको विषय भनेको निर्वाचन हो। फागुन २१ गते चुनाव गराउने अन्तरिम सरकारको मुख्य दायित्व हो। तर आजसम्म चुनाव हुने-नहुने अन्योल कायमै छ। विघटित संसद्का मुख्य दलहरू सरकारको भूमिकाप्रति असन्तुष्ट छन्। आन्दोलनबाट आएका शक्तिहरू विभाजित हुँदै फेरि सडकतिर फर्किँदै छन्। यस्तो अवस्थामा देश फेरि अस्थिरताको चक्रमा फस्ने जोखिम बढेको छ। यस्तो प्रतिकूल अवस्था सम्हालेर संकटको सही निकास दिनु सरकारको मुख्य अभिभारा हुन आउँछ। त्यो भनेको तोकिएको समयमै स्वच्छ, निष्पक्ष एवं भयरहित आमचुनाव हो। त्यसका लागि राजनीतिक दलहरूलाई विश्वासमा लिएर चुनावी वातावरण निर्माण गर्नु सरकारको मुख्य जिम्मेवारी हो। सबै पक्षसँग न्यूनतम समझदारीबिना त्यो सम्भव देखिँदैन। त्यसैले सरकारले आमचुनावलाई नै अर्जुनदृष्टि बनाएर भरपर्दो शान्तिसुरक्षा र चुनावी वातावरण बनाउनुपर्छ। यही नै लोकतान्त्रिक विधि हो। अहिलेको संकटको सही समाधान पनि चुनाव नै हो। तोकिएको समयमै सर्वस्वीकार्य चुनाव गरेर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरणले मात्र संविधानमा अहिले लागेको घाउचोट निको हुनेछ।

# नेपालमा रोहिंगिया शरणार्थीको चिन्ता

*कपन क्षेत्रमा केही रोहिंगिया शरणार्थी पहिलेबाटै बसोबास गरिरहेका छन्। उनीहरूलाई नेपाली मुसलमानहरूले ल्याएका होइनन्, न त उनीहरूको व्यवस्थापनसँग नेपाली मुस्लिम समुदायको विशेष भूमिका छ।*

अग्रलेख



● मोहम्मद जाकिर हुसैन

केही दिनयता सामाजिक सञ्जाल र केही अनलाइन माध्यमहरूमा बर्माका रोहिंगिया शरणार्थीहरू भारत हुँदै नेपाल प्रवेश गरिरहेको चर्चा व्यापक रूपमा देखिन थालेको छ। चर्चामा रहेको यो विषय संवेदनशील भएकाले यसबारे भावनात्मकभन्दा तथ्यगत र कूटनीतिक दृष्टिकोणबाट छलफल हुनु आवश्यक छ। रोहिंगिया शरणार्थीको समस्या कुनै एक देशसँग मात्र सम्बन्धित नभई अन्तर्राष्ट्रिय समस्या हो, जसको जरो बर्मा (म्यानमार) राज्यको दीर्घकालीन जातीय र राजनीतिक संकटसँग जोडिएको छ।

भौगोलिक यथार्थ हेर्दा रोहिंगिया शरणार्थीहरू बर्माबाट सिधै नेपाल आउन सक्ने अवस्था छैन। उनीहरू बर्माबाट बंलादेश प्रवेश गर्ने, त्यसपछि भारत हुँदै नेपाल आउने सम्भावना मात्र रहन्छ। बर्माबाट बंलादेश छिर्नु परिस्थितिजन्य रूपमा बुझ्न सकिए पनि बंलादेशबाट भारत र त्यसपछि नेपाल कसरी र किन प्रवेश भइरहेछ भन्ने प्रश्न गम्भीर छ। भारतजस्तो कूटनीतिक, प्रशासनिक र सुरक्षा संरचना सशक्त भएको देशमा व्यवस्थापन हुन सक्ने शरणार्थीहरू नेपाल किन आइरहेका छन् भन्ने कुरा पुष्टि भएमा नेपालका लागि यो गम्भीर राष्ट्रिय चासोको विषय बन्छ।



नेपालले विगतमा लामो समयसम्म भुटानी शरणार्थी समस्या भोगिसकेको छ। दशकौंसम्म हजारौं शरणार्थीको व्यवस्थापन गर्नु नेपालका लागि सजिलो थिएन। त्यसैबिच, काठमाडौंको कपन क्षेत्रमा बसोबास गरिरहेका रोहिंगिया शरणार्थीहरूको दोस्रो पुस्ता तयार हुँदै गएको अवस्था छ। उनीहरूको दीर्घकालीन व्यवस्थापनका लागि समेत नेपालले अहिलेसम्म बलियो कूटनीतिक समाधान निकाल्न सकेको छैन। यस्तो अवस्थामा थप शरणार्थीहरू नेपाल भित्रिनु संवेदनशील मात्र होइन, राष्ट्रिय क्षमतामाथि थप दबाब पर्ने विषय हो। यदि वास्तवमै नयाँ शरणार्थी प्रवेश गरिरहेका छन् भने नेपाल सरकारले तत्काल सबै नाकामा सतर्कता बढाउनु, प्रवेश रोक्नु र भित्रिइसकेकाहरूका हकमा कूटनीतिक पहलमार्फत छिटो समाधान खोज्नु अपरिहार्य हुन्छ।

तर प्रश्न उठ्छ- के यी सूचनाहरू कति विश्वसनीय छन्? अहिलेसम्म भारत-नेपाल सीमाबाट रोहिंगिया शरणार्थी प्रवेश गरेको विषयमा कुनै आधिकारिक सरकारी सूचना सार्वजनिक भएको छैन। सामाजिक सञ्जाल र केही अनलाइन पोर्टलहरूमा आएका समाचारकै आधारमा निष्कर्ष निकाल्नु जोखिमपूर्ण हुन सक्छ। यदि सूचना सत्य हो भने तुरुन्त कूटनीतिक र प्रशासनिक कदम चाल्नुपर्छ। तर यदि यो हल्ला वा अतिरञ्जित सूचना हो भने त्यस्ता फेक सूचनाले समाजमा अनावश्यक भय, घृणा र विभाजन फैलाउने भएकाले तिनलाई पनि कानूनी र संस्थागत ढंगले नियन्त्रण गर्नुपर्छ। यस विषयलाई दुई कोणबाट हेर्नुपर्ने आवश्यकता छ। पहिलो, सूचना सत्य भएमा नेपाल सरकार, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयबिच समन्वय गरेर तत्काल कदम चालिनुपर्छ। दोस्रो, सूचना गलत भएमा त्यसको स्रोत पहिचान गरी गैरजिम्मेवार ढंगले फैलाइएका हल्लालाई निस्तेज गर्नुपर्छ।

अर्को महत्वपूर्ण पक्ष, सामाजिक अध्ययनसँग सम्बन्धित छ। भारतमा आज पनि धेरै आदिवासी समुदायहरू घुमन्ते जीवन बिताइरहेका छन्। यस्ता समुदायहरू हरेक वर्ष नेपाल प्रवेश गर्ने र केही समयपछि फर्कने गर्छन्। उनीहरू प्रायः समूहमा नै आउने, सहर आसपासका खुला स्थानमा अस्थायी पाल टाँगेर बस्ने, जडीबुटीजन्य घरेलु औषधि, साना जनावरका तेल, मह बेच्ने, चटक देखाउने, भैंसी पाल्ने जस्ता काममा संलग्न हुने गर्छन्। यस्तो दृश्य नेपालका तराई क्षेत्रका धेरै ठाउँमा देखिने गरेको छ। नेपालमै पनि यस्ता घुमन्ते समुदाय छन्, जो मौसमअनुसार भारतसम्म पुग्छन्।

नेपाल-भारतबिच खुला सीमा रहेको र नागरिकहरूलाई आवतजावत, व्यापार, मजदुरी वा निजी संस्थामा काम गर्न औपचारिक अनुमति आवश्यक नपर्ने व्यवस्था कूटनीतिक रूपमा स्विकारिएको तथ्य हो। यस्तो अवस्थामा कतै यिनै घुमन्ते आदिवासी समूहलाई रोहिंगिया शरणार्थी भनेर आशंका गरिएको त होइन? यदि अनुमान र शंकाको भरमा अनावश्यक छानबिन र प्रचार भयो भने यसले नेपाल-भारत सम्बन्धमा समेत असर पार्न सक्छ।

तेस्रो र सबैभन्दा संवेदनशील पक्ष भनेको यस विषयलाई नेपाली मुस्लिम समुदायसँग जोडेर सामाजिक सञ्जालमा लेखिनु हो। यदि भारतको नाकाबाट बर्माका रोहिंगिया शरणार्थी नेपाल प्रवेश गरिरहेका छन् भने तिनलाई रोक्नु राज्यको दायित्व हो। तर यो विषयलाई 'मुस्लिम' पहिचानसँग जोडेर नेपाली मुस्लिम समुदायलाई दोषारोपण गर्नु पूर्णतः गलत र गैरजिम्मेवार कार्य हो। रोहिंगिया शरणार्थी मुस्लिम हुन् वा गैर-मुस्लिम, यससँग नेपाली मुसलमानको प्रत्यक्ष सरोकार हुँदैन, किनकि यो अन्तर्राष्ट्रिय र कूटनीतिक मुद्दा हो।

